# भाग ४

श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

पञ्चायत तथा स्थानीय विकास मन्त्रालयका सचिव श्री मुक्तिप्रसाद कापले निरीक्षण भ्रमणको सिलसिलामा पूर्वाञ्चल विकास क्षेत्रको मोरङ र सप्तरी जिल्लामा जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री तेजप्रसाद उपाध्यायलाई मिति २०४१।१०।५ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना २

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी मर्स्याङ्दी जल विद्युत् आयोजना कार्यान्वयन गर्न कुवेत फण्ड फर इकनोमिक डेभलपमेण्टसंग ऋण सम्झौतामा हस्ताक्षर गर्न त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मको लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका विशेष अधिकृत श्री लोकबहादुर श्रेष्ठलाई मिति २०४१।१०।१२ देखि कायम मुकायम मुकरर गरेको छ ।

### सूचना ३

परराष्ट्र मन्त्रालयका सचिव श्री विश्व प्रधान माल्दिभ्सको मालेमा संचालन हुने दक्षिण एशियाली क्षेत्रीय सहयोग देशका परराष्ट्र सचिवहरूको स्थायी समितिको बैठकमा भाग लिन त्यसतर्फ जानुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उपनियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका शिष्टाचार महापाल श्री विश्वेश्वरप्रसाद रिमाललाई मिति २०४१।१०।२१ देखि कायम मुकायम मुकरर गरेको छ ।

आज्ञाले,

६९८

भोगेन्द्रनाथ रिमाल

श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।